**आकाशवाणी समाचार- नेपाली**
**मितिः १६ सितम्बर २०२६**
**समयः ०७:२५ - ०७:३५ बजे** (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. प्रधान मन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा "**पर्यावरण** र जलवायु गतिशीलताको भविष्य" सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको उद्घाटन गर्नुहुनेछ।

२. वर्ष २०२५–२६ मा भारतको सफ्टवेयर सेवाको निर्यात वार्षिक आधारमा ८.२ प्रतिशतले बढेर २२१ अर्ब डलरभन्दा अधिक पुगेको छ ।

३. वाणिज्य एवम् उद्योग मन्त्री पीयूष गोयलले हिजो क्यानाडाका अन्तर्राष्ट्रिय व्यापार मन्त्री मनिन्दर सिद्धुसँग भेट गर्नुभयो।

४. अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले सीएनएन, एमएस, नाउ र पोलिटिकोलाई ह्वाइट हाउसमा प्रवेशमा प्रतिबन्ध लगाउने घोषणा गर्नुभयो ।

५. २० औं एसियाली खेलकुद आजदेखि जापानको आइची नागोयामा सुरु हुँदैछ ।

**प्रधानमंत्री-पर्यावरण सम्मेलन**

प्रधान मन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा "**पर्यावरण** र जलवायु गतिशीलताको भविष्य" सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको उद्घाटन गर्नुहुनेछ। दुई दिने सम्मेलन राष्ट्रिय हरित न्यायाधिकरणले आयोजना गर्दैछ। यसमा पर्यावरण विशेषज्ञहरू, सर्वोच्च, उच्च र जिल्ला अदालतका न्यायाधीशहरू सहभागी हुनेछन्। कार्यक्रममा विभिन्न मन्त्रालयका सचिवहरू र वरिष्ठ सरकारी अधिकारीहरू पनि सहभागी हुनेछन्। सम्मेलनमा राज्य न्यायिक एकेडेमीहरू, राज्य कानूनी सेवा प्राधिकरणहरू, राज्य विशेषज्ञ मूल्याङ्कन समितिहरू, राज्य पर्यावारण प्रभाव मूल्यांकन प्राधिकरणका प्रतिनिधिहरू सहभागी हुनेछन्। यसमा १७ देशका प्रतिष्ठित न्यायाधीश र न्यायिक प्रतिनिधिहरू पनि सहभागी हुनेछन्। सम्मेलनले न्यायिक दृष्टिकोण, वैज्ञानिक ज्ञान र संस्थागत अनुभवहरूको आदानप्रदानको लागि एक प्लेटफर्म प्रदान गर्नेछ। सहभागीहरूले प्रमुख वातावरणीय र जलवायु चुनौतीहरू, नीति निर्माण, कार्यान्वयन र कार्यान्वयनमा कमीहरू सहित छलफल गर्नेछन्। पर्यावारण प्रशासन प्रक्रिया र संस्थागत अनुभवका बारेमा छलफल हुनेछ । सहभागीहरूले पर्यावारण र जलवायुसँग सम्बन्धित मुख्य चुनौतीहरूको बारेमा छलफल गर्नेछन् । सम्मेलनमा पर्यावारण प्रशासन र संस्थागत सहकार्यलाई कसरी सुदृढ पार्ने भन्ने विषयमा पनि छलफल हुनेछ ।

यसपछि प्रधान मन्त्री नरेन्द्र मोदीले आज २०औं रोजगार मेलामा भिडियो कन्फरेन्समार्फत विभिन्न सरकारी संस्थाहरूमा छानिएका 51 हजार युवाहरूलाई नियुक्ति पत्र हस्तान्तरण गर्नुहुनेछ। यस अवसरमा प्रधान मन्त्रीले नवनियुक्त व्यक्तिहरूलाई सम्बोधन गर्नुहुनेछ।

**संयुक्त संसदीय समिति - विदेशी अंशदान**

**विदेशी अंशदान विनियमन संशोधन विधेयक-2026** सम्बन्धी संयुक्त संसदीय समितिको पहिलो बैठक हिजो नयाँ दिल्लीमा सम्पन्न भएको छ । लोकसभा सांसद सञ्जय जायसवालको अध्यक्षतामा भएको बैठकमा गृह मन्त्रालयका अधिकारीहरूले समितिका सदस्यहरूलाई विधेयकका प्रावधानहरूको बारेमा जानकारी गराएका थिए। बैठकपछि समितिका अध्यक्ष सञ्जय जायसवालले बैठक सौहार्दपूर्ण वातावरणमा भएको र सदस्यहरूले धेरै प्रश्नहरू उठाएको बताउनु भयो।

**बाईट-सञ्जय जायसवाल**

समितिमा लोकसभाका २१ र राज्यसभाका १० जना सदस्य समावेश छन् । संसदका दुवै सदनले १२ अगस्टमा **विदेशी अंशदान विनियमन संशोधन विधेयक-2026** लाई थप जाँचका लागि संयुक्त संसदीय समितिमा पठाउन अनुमोदन गरेका थिए । यस संशोधन विधेयकको उद्देश्य विदेशी योगदानको प्रयोगलाई थप पारदर्शी र जवाफदेही बनाउनु हो ।

**रिजर्व बैंक - सॉफ्टवेयर निर्यात**

वर्ष २०२५–२६ मा भारतको सफ्टवेयर सेवाको निर्यात वार्षिक आधारमा ८.२ प्रतिशतले बढेर २२१ अर्ब डलरभन्दा अधिक पुगेको छ । भारतीय रिजर्भ बैंकको कम्प्युटर सफ्टवेयर र सूचना प्रविधिमा आधारित सेवा निर्यातसम्बन्धी वार्षिक सर्वेक्षणमा यो जानकारी दिइएको हो । सर्वेक्षणका लागि ७ हजार ५६९ सफ्टवेयर निर्यात कम्पनीहरूलाई सम्पर्क गरिएको थियो, जसमध्ये २ हजार ३६३ कम्पनीहरूले प्रतिक्रिया दिएका थिए । कुल अनुमानित सफ्टवेयर निर्यातको करिब ८९ प्रतिशत हिस्सा यी कम्पनीहरूले ओगटेका थियो । गत वर्ष भारतको कुल सफ्टवेयर निर्यातमा बीपीओ सेवाको सबैभन्दा ठूलो हिस्सा थियो ।

**25 साल - नीति आयोग**

प्रधानमन्त्री नरेन्द्र मोदी जनसेवाबाट, राष्ट्रसेवा र निरन्तर प्रतिबद्धताको मन्त्रद्वारा परिभाषित जनसेवाको २५ वर्ष पूरा गर्दैहुनुहुन्छ। सेवा र सुशासनको यस दृष्टिकोणबाट प्रेरित भएर सरकार २०४७ सम्म 'विकसित भारत' को लक्ष्य हासिल गर्ने दिशामा निरन्तर लागिरहेको छ। समावेशी विकास र सामाजिक सशक्तिकरणका प्रयासहरूले मानिसहरूको जीवनमा परिवर्तन ल्याइरहेको छ। यस विशेष श्रृंखलामा हामी नीति आयोगको प्लेटफर्ममार्फत यो दृष्टिकोणलाई कसरी वास्तविकतामा परिणत गरिएको छ भनेर छलफल गर्नेछौं।

**गोयल - कनाडा मंत्री**

वाणिज्य एवम् उद्योग मन्त्री पीयूष गोयलले भारत र क्यानडाबीच विस्तृत आर्थिक साझेदारी सम्झौताको वार्तालाई गति दिन हिजो क्यानाडाका अन्तर्राष्ट्रिय व्यापार मन्त्री मनिन्दर सिद्धुसँग भेट गर्नुभयो। दुवै पक्षले वार्तालाई द्रुत गति दिने र सम्झौतालाई चाँडोभन्दा चाँडो निष्कर्षमा पुर् याउने आफ्नो प्रतिबद्धता दोहोर् याए। विस्तृत आर्थिक साझेदारी सम्झौताले वस्तु र सेवाहरूको व्यापार, लगानी र आर्थिक सहयोगका अन्य क्षेत्रहरूमा नयाँ अवसरहरू सिर्जना गर्ने अपेक्षा गरिएको छ।

**भारत व्यापारिक सर्वेक्षण**

भारत स्विडिस चेम्बर अफ कमर्सको नवीनतम बिजनेस क्लाइमेट सर्वे २०२६ मा ४० भन्दा अधिक विश्व बजारमा व्यापारिक सुगमताको मामिलामा पहिलो स्थानमा रहेको छ। वाणिज्य र उद्योग मन्त्री पीयूष गोयलले एक

सोशल मीडिया पोस्टमा यो जानकारी साझा गर्नुभयो । उहाले भारतको व्यावसायिक वातावरणले विश्वव्यापी अस्थिरताको बीचमा स्थिरता, वृद्धि र व्यापार गर्न सजिलो हुने नयाँ मानक स्थापित गरिरहेको बताउनु भयो। ग्लोबल बिजनेस क्लाइमेट सर्वे २०२६ ले ४१ बजारहरूको बारेमा जानकारी प्रदान गर्दछ। यस सर्वेक्षणले विदेशमा व्यापार गर्ने बारेमा स्विडेनी कम्पनीहरूको अनुभव र दृष्टिकोणलाई बाहिर ल्याउँछ।

**भूपेंद्र यादव - लखनऊ**

पर्यावरण, वन र जलवायु परिवर्तन मन्त्री भूपेन्द्र यादवले हिजो उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथसँग नोएडा, हापुर, गाजियाबाद, मेरठ र बुलन्दशहर सहित राष्ट्रिय राजधानी क्षेत्रसँग जोडिएका राज्यका आठ सीमावर्ती जिल्लाहरूमा वायुको गुणस्तर सुधार गर्न उच्चस्तरीय समीक्षा बैठक गर्नुभयो।

**ट्रंप-मीडिया प्रतिबंध**

अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले सीएनएन, एमएस, नाउ र पोलिटिकोलाई ह्वाइट हाउसमा प्रवेशमा प्रतिबन्ध लगाउने घोषणा गर्नुभयो । एक सोशल मीडिया पोस्ट गर्दै उहाले यी मिडिया संस्थाहरूले लगातार आफ्नो प्रशासनको बारेमा गलत वा काल्पनिक समाचार प्रकाशित गरिरहेको आरोप लगाउनु भयो भने आगामी समयमा अन्य मिडिया संस्थाहरूमा यस्तो प्रतिबन्ध लगाउन सकिने संकेत दिनुभयो । यस निर्णयविरुद्ध सम्बन्धित मिडिया हाउस र प्रेस स्वतन्त्रता संगठनहरूले कानुनी चुनौती दिने सम्भावना छ ।

**एशियाई खेल उद्घान समारोह**

२० औं एसियाली खेलकुद आजदेखि जापानको आइची नागोयामा सुरु हुँदैछ । उद्घाटन समारोहमा ओलम्पिक पदक विजेता मनु भाकर र एसियाली खेलकुदका सटपुट च्याम्पियन ताजिन्दर पाल सिंह तूर भारतीय ध्वजवाहक हुनेछन्। मनु भाकरले २०२४ को पेरिस ओलम्पिकमा दुई पदक जितेर इतिहास रचेकी थिइन्। ताजिन्दर पालले सन् २०१८ को जकार्ता र २०२२ को हाङजाउ एसियाली खेलकुदमा स्वर्ण पदक जितेका थिए ।